**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
**कलर भिजिटिङ कार्ड**
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ ९ गते शनिबार ❑ 23 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## प्रयोगकर्तालाई थाहा नदिइ विधेयक निर्माण हुनु हुँदैन: सभामुख अर्याल

**रासस**
काठमाडौं, ८ जेठ

सभामुख डोलप्रसाद अर्यालले देश र नागरिकलाई सुहाउँदो कानुन निर्माणमा विधायकले ध्यान दिनुपर्ने बताउनुभएको छ।

पूर्वसांसद मञ्च नेपालले शुक्रबार 'संसदीय समितिमा विधायकी र गैरविधायिकी अभ्यास' विषयक अन्तरसंवादमा उहाँले पुराना कानुनको संशोधन र खारेजी तथा भविष्यलाई हेरेर विधायकी कामकारबाही अघि बढाउनुपर्ने बताउनुभयो । सभामुख अर्यालले विधेयकको मस्यौदा निर्माणमा भइरहेको अभ्यासले व्यावहारिकतालाई सम्बोधन गर्न नसकिरहेको दृष्टान्त सुनाउनुभयो । "विधेयकको निर्माण कसले गर्दिन्छ, कसलाई सोधेर र कोसँग छलफल गरेर गरिन्छ ?", उहाँले भन्नुभयो।

कानुनको प्रयोगकर्तालाई थाहा नदिई निर्माण भएका कतिपय विधेयकले हाम्रो भूगोल र चेतनाको स्तरलाई समेट्न नसकेको पाइएको उहाँको भनाइ छ । "कानुनको प्रयोगकर्तालाई कस्तो कानुन बन्छ भन्ने थाहा हुँदैन । हामी कानुन बनाइदिन्छौँ, 'तिमी प्रयोग गर' भनेर लाद्ने कोसिस गर्छौं", सभामुख अर्यालले भन्नुभयो, "यसबाट जनताले आफूले प्रयोग गर्ने कानु थाहा पाउँदैनन् र जबर्जस्ती सो कानुन पालना गर्न बाध्य हुन्छन् ।"सभामुख अर्यालले मुलुकमा गणतन्त्रको बिहानी ल्याउन पूर्वसांसदहरुले खेलेको भूमिका असाधारण रहेको बताउनुभयो । उहाँले अग्रजहरूको अनुभव र तत्कालीन राजनीतिक परिस्थितिमा गरेको सङ्घर्ष तथा पछिल्लो पुस्ताको क्रियाशीलताबाट मुलुक समृद्धिको यात्रामा अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो।

मञ्चका उपाध्यक्ष सुशीला शर्माले पूर्वसांसदको अनुभव र वर्तमान सांसदको क्रियाशीलताले संसदीय अभ्यासले नयाँ उचाइ हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो । मञ्चका कार्यवाहक अध्यक्ष विष्णुबहादुर राउतले 'संसदीय समितिमा विधायकी अभ्यास', 'संसदीय समितिमा गैरविधायकी अभ्यास' र 'अन्तरराष्ट्रिय महासन्धि र अदालतका आदेश कार्यान्वयनमा समितिको भूमिका' विषयमा विज्ञबाट प्रस्तुति गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो।

कार्यक्रममा प्रतिनिधिसभा र राष्ट्रियसभाका विषयगत समितिका सभापति, पूर्वसांसद, संविधानसभा सदस्य, बहालवाला सांसद, सङ्घीय संसद् सचिवालयका महासचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवलगायत उपस्थिति हुनुहुन्थ्यो।

## मधेस प्रदेशका मुख्यमन्त्री यादवलाई विश्वास मत

**रासस**
काठमाडौं, ८ जेठ

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत प्राप्त गर्नुभएको छ। आज मुख्यमन्त्री यादवले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्नुभएको हो।

मधेस प्रदेशसभाको बैठकमा उहाँले नेपालको संविधानको धारा १८८ को उपधारा २ बमोजिम प्रदेशसभामा विश्वासको पक्षमा ६२ जना प्रदेशसभाका सदस्यहरूले मत दिनुभयो।

विश्वासको मतसम्बन्धी प्रस्तावको विपक्षमा ३६ जना प्रदेशसभाका सदस्यहरूको मत परेको मधेस प्रदेशसभाका सभामुख रामअशिष यादवले प्रदेशसभाको बैठकमा घोषणा गर्नुभएको थियो । साथै, प्रदेशसभामा १०७ सदस्य हुनुहुन्छ । दुई जना सदस्य निलम्बित हुनुहुन्छ भने चार जनाले राजीनामा दिनुभएको छ। अन्य तीन जना भने सभामा अनुपस्थित रहनुभएको सभामुख यादवले जानकारी दिनुभयो।

प्रदेश सरकारमा रहेका जनमत पार्टीले गत वैशाख २३ गते मुख्यमन्त्री यादवलाई दिएको विश्वासको मत फिर्ता लिएपछि ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाअनुसार मुख्यमन्त्री यादवले विश्वासको मत लिनुभएको हो । मुख्यमन्त्री यादवलाई नेपाली कांग्रेसका २२, नेकपा (एमाले) २४, नेपाली कम्युनिष्ट पार्टी १५ र नेपाल सङ्घीय समाजवादी पार्टी नेपालका एक सदस्यले विश्वासको मत दिनुभएको थियो।

## लेखनाथको समग्र विकासका लागि लगानी बोर्ड र निजी क्षेत्रबीच सहकार्य बढाउँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ



लेखनाथ उद्योग वाणिज्य संघको आयोजनामा शुक्रबार सम्पन्न विशेष बैठकमा लेखनाथ क्षेत्रको समग्र विकासका लागि दीर्घकालीन लगानी, पूर्वाधार विस्तार तथा सरकारी र निजी क्षेत्रबीच प्रभावकारी सहकार्य आवश्यक रहेकोमा जोड दिइएको छ।

संघकी अध्यक्ष जानुका पराजुलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल सरकार लगानी बोर्डका पदाधिकारी, उद्योगी व्यवसायी, पूर्व पदाधिकारी, निजी क्षेत्रका प्रतिनिधि तथा स्थानीय सरोकारवालाहरूको सहभागिता रहेको थियो । कार्यक्रममा उद्योग, व्यापार, पर्यटन, पूर्वाधार तथा लगानी प्रवर्द्धनका विविध विषयमा विस्तृत छलफल गरिएको थियो।

कार्यक्रममा नेपाल सरकार लगानी बोर्ड काठमाडौंकी सह-सचिव सुनीता नेपालले मुलुकको आर्थिक विकासमा निजी क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै उद्योग तथा व्यापार क्षेत्रलाई चलायमान बनाउन सरकारी तथा निजी क्षेत्रबीच बलियो समन्वय आवश्यक रहेको बताइन् । उनले स्थानीय तहमा उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा आर्थिक गतिविधि विस्तारका लागि उद्योग वाणिज्य संघहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने धारणा राखिन् । उनले स्थानीय सम्भावना र स्रोतको पहिचान गरी उत्पादन, पर्यटन तथा सेवा क्षेत्रमा लगानी आकर्षित गर्न सके आर्थिक विकासले गति लिने बताउँदै स्थानीय सरकार, निजी क्षेत्र र लगानी बोर्डबीच सहकार्यको वातावरण निर्माण गर्नुपर्नेमा जोड दिइन् । कार्यक्रममा बोल्दै लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुलीले लेखनाथ प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्र भए पनि अपेक्षित लगानी र दीर्घकालीन योजना अभावमा धेरै सम्भावनाहरू ओझेलमा परेको बताइन्।

उनले लेखनाथ क्षेत्रमा रहेका एकीकृत सात ताल, गर्ग ऋषि र च्यवन ऋषिसँग सम्बन्धित धार्मिक तथा सांस्कृतिक क्षेत्रलाई संरक्षणसहित विकास गर्न सके यस क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने बताइन् । अध्यक्ष पराजुलीले प्रस्तावित क्षेत्रीय बसपार्क, औद्योगिक क्षेत्र तथा अन्य पूर्वाधार योजनाहरू लामो समयदेखि चर्चामा रहे पनि अझै कार्यान्वयनको चरणमा पुग्न नसकेको उल्लेख गर्दै स्थानीय विकासका लागि राज्यको विशेष प्राथमिकता आवश्यक रहेको धारणा व्यक्त गरिन् । नेपाल सरकार लगानी बोर्डका उप-

बाँकी अन्तिम पृष्ठमा ▶▶


**स्वस्थ वातावरण,**
**स्वस्थ जीवनको आधार**

◆ स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
◆ प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुन:प्रयोगलाई प्राथमिकता दिऔं,
◆ वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
◆ प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
◆ फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
◆ नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
◆ जैविक विविधताको संरक्षण गरौं।

हरित पृथ्वी, सुरक्षित भविष्य।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## रवि लामिछानेको संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ

कास्की जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहित गीतेन्द्रबाबु राई (जिवी) र छविलाल जोशीको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता लिने आदेश गरेको छ।

जिल्ला न्यायाधीश हिमलाल बेल्बासेको इजलासले सहकारी ठगीतर्फको अभियोग दाबी कायम रहने तर अन्य मुद्दा अभियोग दाबी कायम नरहने गरी संशोधन गरिएको कास्की जिल्ला अदालतका स्रेस्तेदार राजन खनालले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्ला सरकारी वकिल कार्यालय कास्कीले दिएको निवेदनमा लामिछानेसहित अन्य प्रतिवादीमाथि लगाइएको सङ्गठित अपराध, सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर तथा राष्ट्र बैंकसम्बन्धी कसुरअन्तर्गत अभियोग अब नलाग्ने गरी संशोधन हुने अदालतको आदेश छ।

## कांग्रेस सरकारसँग मिलेर काम गर्न चाहन्छ: सभापति थापा

**रासस**
काठमाडौं, ८ जेठ

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले वर्तमान सरकारसँग कांग्रेस मिलेर काम गर्न चाहेको बताउनुभएको छ।

सुनसरी कोशी गाउँपालिका-१ सिटीहलमा शुक्रबार नेपाली कांग्रेस केन्द्रीय प्रशिक्षण प्रतिष्ठानले आयोजना गरेको कोशी प्रदेशस्तरी जरा अभियान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले सो कुरा बताउनुभयो।

नागरिकका जनजीविकासहित विभिन्न मुद्दामा नेपाली कांग्रेसले सरकारसँग छलफल, संवाद गरेर कार्य गर्न चाहेको उहाँको भनाइ थियो । सरकारले सञ्चालन गरेको संविधान संशोधनको बहसमा नेपाली कांग्रेसको चित्त नबुझेको बताउनुहुँदै संविधान संशोधन परिपक्व ढङ्गले अगाडि बढाउनुपर्नेमा सभापति थापाले सुझाव दिनुभयो । कार्यक्रममा नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले नेपाली कांग्रेसका नेतृत्व र पार्टीबाट सरकारी पदधारण गरेको व्यक्तिबीच समन्वय आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा नेपाली कांग्रेसका महामन्त्री गुरुराज घिमिरेले कांग्रेस एक ढिक्का भएर अगाडि बढेको र यसलाई सबैको साझा कांग्रेस बनाउनका लागि सबैलाई आह्वान गर्नुभयो । उहाँले पार्टीभित्र रहेका गुटबन्दी अन्त्य भएको समेत बताउनुभयो।

## बकर इदका अवसरमा जेठ १४ सार्वजनिक बिदा

**रासस**
काठमाडौं, ८ जेठ

सरकारले यही जेठ १४ गते इस्लाम धर्मावलम्बीहरूको पर्व बकर इद (इद-उल-अज्हा) परेकाले उक्त दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

मुस्लिम आयोगबाट यही जेठ १४ गते बिहीबारका दिन बकर इद (इद-उल-अज्हा) परेको व्यहोरा जानकारी प्राप्त हुन आएको उल्लेख गर्दै सो दिन सार्वजनिक बिदा दिने निर्णय गरिएको गृहमन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिनुभयो।

सरकारद्वारा विसं २०८२ माघ १८ गते नेपाल राजपत्रमा प्रकाशित गरिएको सूचनाअनुसार इस्लाम धर्मावलम्बीहरूको पर्व बकर इद पर्ने दिन सार्वजनिक बिदा दिने व्यवस्था गरेको थियो । सरकारले यस पर्वको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका इस्लाम धर्मावलम्बीहरूका साथै सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा शुभकामनासमेत व्यक्त गरेको छ।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# रास्वपाले नेपाली जनतालाई निराश हुन दिँदैन : महामन्त्री बुर्लाकोटी

**पोखरापत्र संवाददाता**
पर्वत, ८ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री कबिन्द्र बुर्लाकोटीले राष्ट्रिय स्वतन्त्र पार्टीले जनतालाई निराश हुन नदिने बताउनुभएको छ।

पर्वत सदरमुकाम कुश्माबजारमा शुक्रबार आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले नागरिकले चाहेजस्तो शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासनका क्षेत्रमा सरकारले प्रभावकारी काम भइरहेको बताउनुभयो । महामन्त्री बुर्लाकोटीले देशमा भएका बेतिथि र विसङ्गतिको जालाहरू तोड्नका लागि नेपाली जनताले पार्टीलाई करिब दुईतिहाइको बहुमत दिएर सरकारमा पठाएको बताउँदै विपक्षी दलहरूले जतिसुकै विरोध गरे पनि त्यस्ता जालाहरू तोडेरै छाड्ने बताउनुभयो।

उहाँले जनताको निराशालाई आशामा बदल्न काम नै गरेर देखाउनुपर्ने बताउँदै सोही कारणले संसद्मा प्रधानमन्त्री आउन नभ्याउनुभएको बताउनुभयो। काम गर्ने बेलामा फोन उठाएर र संसद्मा बोलेर नतिजा दिन नसकिने बताउँदै महासचिव बुर्लाकोटीले काम नै गरेर देखाउने भएकाले कम्तीमा छ महिना पर्खेर हेरिदिन आग्रह गर्नुभयो।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य सागर भुसालले समग्र पर्वत जिल्लाको विकास र समृद्धिका लागि आफू निरन्तर लागिपरेको बताउनुभयो । उहाँले आफूले पालिका सचिवालय सदस्यहरू नियुक्तिको विषयमा आलोचना भए पनि सहजतासहितको कार्यसम्पादनका लागि गठन गरिएको दाबी गर्दै आजैबाट विघटन गरेको घोषणासमेत गर्नुभयो।

# अमेरिकाविरुद्ध नेपालको १२२ रनको फराकिलो जित

**रासस**
काठमाडौं, ८ जेठ

आइसिसी पुरुष विश्वकप क्रिकेट लिग-२ अन्तर्गत शुक्रबार सम्पन्न खेलमा नेपालले अमेरिकालाई १२२ रनको फराकिलो अन्तरले पराजित गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदानमा सम्पन्न खेलमा ३१८ रनको लक्ष्य पछ्याएको अमेरिका ४१ दशमलव दुई ओभरमा १९५ रन बनाउँदा अलआउट भयो।

अमेरिकालाई अलआउट गर्ने क्रममा सन्दीप लामिछानेले तीन विकेट लिए। साथै ललित राजवंशी, दीपेन्द्र सिंह ऐरी र गुल्शन झाले दुई/दुई विकेट लिए भने सोमपाल कामीले एक विकेट हात पारे।

अमेरिकाका लागि सञ्जय कृष्णमूर्तीले सर्वाधिक ५६ रन बनाए। साथै नोथुष केन्जिगेले २९, शयान जहाङ्गिरले २७, शेहान जयसूर्याले २६, कप्तान शैतेजा मुक्कामुल्लाले २२ रनको योगदान दिए। त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा आठ विकेटको क्षतिमा ३१७ रनको योगफल बनाएको थियो। नेपालका लागि इशान पाण्डेले सर्वाधिक ८४ रनको योगदान दिए। उनले ८३ बल खेल्ने क्रममा आठ चौका र एक छक्का प्रहार गरे। दीपेन्द्रसिंह ऐरीले ५९ रन, कप्तान रोहित पौडेलले ४६, आशिफ शेखले ४३ कुशल भुर्तेलले २९ रन, आरिफ शेखले १८ रन र गुल्सन झाले १५ रन जोडे।

अमेरिकाका लागि शुभम रन्जाने तीन विकेट लिए भने मिलिन्द कुमार र रुसिल उगार करले समान एक-एक विकेट लिए। शुक्रबारको जितसँगै नेपाल अङ्क तालिकामा २८ खेलपछि ११ जित, १५ हार र दुई वटा अनिर्णितसहित २४ अङ्क जोडेको छ।

# नेपालद्वारा मलेसिया पराजित

**रासस**
काठमाडौं, ८ जेठ

नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले मलेसियाविरुद्धको दोस्रो अन्तरराष्ट्रिय टि-ट्वान्टी खेलमा जित हासिल गरेको छ। मलेसियाको बायुमास ओभल क्रिकेट शुक्रबार भएको खेलमा नेपालले मलेसियामाथि सात विकेटको जित निकालेको हो।

मलेसियाले नेपाललाई जितका लागि ८३ रनको सामान्य लक्ष्य दिएको थियो । जवाफमा नेपालले १६ ओभरमा तीन विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । नेपालको जितमा सम्झना खड्काले सर्वाधिक ३९ रनको योगदान दिइन्। त्यस्तै कविता कुँवरले १९ र सोनी पाखरिनले १२ रन जोडिन् । त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको मलेसियाले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर ८२ रनको योगफल बनाएको थियो । मलेसियाका लागि ऐना हमिजाले सर्वाधिक १७ रनको योगदान दिइन्। उनले ३० बलमा एक चौकाको सहायताले १७ रन बनाएकी हुन्। त्यस्तै धनुश्री मुहुनानले १५ रन जोडिन भने अरिनान नातास्याले १३ रन बनाइन्। त्यसबाहेक मलेसियाका अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। बलिङतर्फ नेपालकी कविता कुँवर, रुविना क्षेत्री र रिया शर्माले समान दुई/दुई विकेट लिए भने पूजा महतो र सीता रानामगरले समान एक/एक विकेट विकेट लिइन्।

# गण्डकीदेखि लोहितसम्म लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ



पेशाले विशिष्ट श्रेणीको चिकित्सक रहेका डा. कालु शर्मा सुवेदीको पछिल्लो अनुसन्धानमूलक संस्मरणात्मक कृति गण्डकीदेखि लोहितसम्म एक समारोहका बीच लोकार्पण गरिएको छ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति सरुभक्तले कृति लोकार्पण गर्दै सुवेदीका हालसम्मका कृतिमध्ये उत्कृष्ट कृति रहेको औल्याए । उनले नेपाली साहित्यमा संस्मरणलाई निबन्ध तथा संस्मरण जसरी चिनाउन खोजे तापनि लेखकले अभिव्यक्त गर्ने सन्देश, सत्य र तथ्य एउटै हुने धारणा राखे। मदन पुरस्कार विजेता वरिष्ठ साहित्यकार चन्द्रप्रकाश बानियाँले पछिल्लो समय पठन संस्कार हराएकोमा चिन्ता व्यक्त गर्दै हरेक लेखकले अर्का लेखकको कृति अध्ययन गर्न आवश्यक रहेको बताए । समालोचक असफल गौतमले कालु शर्मा सुवेदीले आफूसँग रहेका ऐतिहासिक सत्य र तथ्यको उजागर गरेर कृति प्रकाशित नगरेका भए उनलाई तिनै तथ्यको श्राप लाग्ने जिकिर गरे । उनले सुवेदी कुशल चिकित्सकमात्र नभएर एक सफल लेखक बन्ने सामर्थ्यका बहुआयामिक व्यक्तित्वसमेत रहेको बताए। लेखक सुवेदीले नेपालीहरू भोलिका पुस्ताका लागि हिजो गण्डकी तरेर लोहितसम्म नेपालीहरू किन र केका लागि गए भन्ने यथार्थलाई जीवन्त राख्न कृति लेखेको बताए। सोही समारोहबीच साहित्यकार शोभाकान्त गौडेलको कालीगण्डकीका किनार निबन्धको परिचर्चासमेत गरिएको थियो। डा. कृष्णराज अधिकारीले कृतिको परिचर्चा गर्दै कालीगण्डकी सभ्यता, संस्कार र संस्कृतिको समिश्रण गौडेलको कृतिको सार भएको बताए । निबन्धकार गौडेलले पूर्व कर्मचारी सेवा परिषद्को एक सक्रिय सदस्यका नाताले कृतिको पोखरामा परिचर्चा कार्यक्रम आयोजना गरिदिएकामा आयोजकप्रति आभार व्यक्त गरे।

समारोहमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकीका संस्थापक अध्यक्ष दुर्गाबहादुर शाह बाबा, गण्डकी साहित्य संगमका अध्यक्ष भीम रानाभाट, साहित्यकार मेघनाथ कुँवरलगायतले बोलेका थिए। पूर्व कर्मचारी सेवा परिषद् गण्डकीका अध्यक्ष गिरधारी सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष सूर्य बरालले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रमको सञ्चालन सचिव नगेन्द्रराज पौडेलले गरेका थिए।

# पोउवा संघका अध्यक्ष कार्की महासंघको केन्द्रीय सदस्यमा मनोनित

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की उद्योगी/व्यवसायीहरुको छाता संस्था नेपाल उद्योग वाणिज्य संघको केन्द्रीय सदस्यम मनोनित हुनुभएको छ।

महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले नेपाल उद्योग वाणिज्य महासंघको विधान (२०४९, सातौं संशोधन) को अधिकार प्रयोग गर्दै कार्कीलाई केन्द्रीय सदस्यमा मनोनित गर्नुभएको हो। महासंघको विधानमा भएको छैटौं संशोधनले वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने व्यवस्था गरेको थियो। त्यही व्यवस्था बमोजिम पोखराको व्यावसायिक प्रतिष्ठान लक्ष्मी समूहका निर्देशक अञ्जन महासंघको ६० औं वार्षिक साधारण सभापछि अध्यक्षको जिम्मेवारीमा पुग्नु भएको हो। अन्य पदमा भने निर्वाचन भएको थियो। पछिल्लो संशोधित विधानले अब अध्यक्ष पनि प्रत्यक्ष चुन्ने व्यवस्था गरेको हो। अध्यक्ष श्रेष्ठले पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष कार्कीसहित शिव घिमिरे,मनिषलाल प्रधान,नविन रिजाल,दर्शना श्रेष्ठ र सहारा जोशीलाई पनि केन्द्रीय सदस्यमा मनोनित गर्नुभएको छ । केन्द्रीय सदस्यमा मनोनित भएसँगै कार्कीले निजी क्षेत्रका समस्या समाधान,नीतिगत पैरवी र व्यावसायिक वातावरण निर्माणका निम्ति अझ बढी क्रियाशिल रहने बताउनुभयो।

# लेखनाथको...

सचिव डा. युवराज पौडेलले लेखनाथ क्षेत्रको विकासका लागि दीर्घकालीन सोचसहित पूर्वाधार निर्माण, वातावरणीय संरक्षण तथा लगानीमैत्री वातावरण सिर्जना अपरिहार्य रहेको बताए । उनले पर्यटन क्षेत्रलाई प्राथमिकतामा राख्दै कानुनी तथा नीतिगत सहजीकरणमार्फत निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गरिने बताए । उनले उद्योग वाणिज्य संघसँग सहकार्य गरी पिपिए मोडलमार्फत ६ अर्ब रुपैयाँभन्दा माथिका परियोजनाहरू अघि बढाउन तीन तहका सरकारबीच समन्वय गरिने जानकारी दिए। उनका अनुसार पर्यटन, ऊर्जा, पूर्वाधार तथा सेवा क्षेत्रमा निजी क्षेत्रसँग मिलेर दीर्घकालीन परियोजनाहरू सञ्चालन गर्ने तयारी भइरहेको छ। लगानी बोर्डका एक्सपर्ट मनिराम महतले लेखनाथ क्षेत्रसँग आफ्नो पुरानो सम्बन्ध रहेको उल्लेख गर्दै स्थानीय विकास नै समग्र राष्ट्रिय विकासको आधार भएको बताए । उनले कुनै पनि क्षेत्रको विकासका लागि स्पष्ट मास्टर प्लान, इकोलोजी संरक्षण तथा योजनाबद्ध पूर्वाधार विकास आवश्यक पर्ने धारणा राखे । उनले वातावरणीय सन्तुलन र प्राकृतिक स्रोतको संरक्षणलाई ध्यान नदिई गरिने विकास दीर्घकालीन रूपमा प्रभावकारी नहुने उल्लेख गर्दै स्थानीय तहले दिगो विकासको अवधारणालाई प्राथमिकता दिनुपर्ने बताए । नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय सदस्य बाबुराम गिरिले नेपाल लगानी बोर्ड र निजी क्षेत्रबीच सहकार्य विस्तार गर्न सके राष्ट्रिय पूँजीमार्फत जलविद्युत्, पर्यटन तथा औद्योगिक क्षेत्रमा ठूला परियोजना सञ्चालन गर्न सकिने धारणा राखे। उनले निजी क्षेत्र लगानीका लागि तयार रहे पनि राज्यबाट नीतिगत स्पष्टता र लगानीमैत्री वातावरण आवश्यक रहेको बताए। कार्यक्रममा सहभागी उद्योगी व्यवसायीहरूले लेखनाथ क्षेत्रमा पर्यटन, कृषि, सेवा तथा साना तथा मझौला उद्योगका प्रशस्त सम्भावना रहेको उल्लेख गर्दै लगानी आकर्षित गर्न राज्यले आवश्यक सहजीकरण गर्नुपर्ने धारणा राखेका थिए। बैठकमा निजी क्षेत्रको सशक्तीकरण, व्यवसायिक हित संरक्षण, स्थानीय आर्थिक गतिविधिको विस्तार, लगानीमैत्री वातावरण निर्माण तथा संस्थागत सुदृढीकरणका विषयमा समेत छलफल गरिएको थियो।

कार्यक्रमको सञ्चालन लेखनाथ उद्योग वाणिज्य संघका महासचिव भरतराज ओझाले गरेका थिए भने धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष गोपीचन्द्र बास्तोलाले गरेका थिए।


## हार्दिक बधाई एवम् शुभकामना



**सायुज श्रेष्ठ**
**३.६४ जिपिए**



**विधान श्रेष्ठ**
**३.४८ जिपिए**



**इल्सा बैदार श्रेष्ठ**
**३.१० जिपिए**



**सान्भी श्रेष्ठ**
**३.१० जिपिए**



**रोजन आचार्य**
**२.६४ जिपिए**

यस बालगोपाल भजन कृतन सेवा समितिका सक्रिय सदस्यहरु क्रमश : **महेशनारायण श्रेष्ठका नाति, सागर श्रेष्ठका छोरा एवम् तीर्थ श्रेष्ठ, भरत बैदार श्रेष्ठ, अर्जुन श्रेष्ठ, सूर्य आचार्य**का छोराछोरीहरु क्रमश : **सायुज श्रेष्ठ, विधान श्रेष्ठ, इल्सा बैदार श्रेष्ठ, सान्भी श्रेष्ठ, रोजन आचार्य**ले २०८२ **सालको एसईई परीक्षा**मा उत्कृष्ट नतिजा हासिल गर्न सफल हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उज्जवल भविष्यको शुभकामना व्यक्त गर्दछौं।

माधवनारायण श्रेष्ठ
**अध्यक्ष एवं**
**बालगोपाल भजन कृतन सेवा समिति परिवार**
**पोखरा-१३, गौँडाकोमुख**



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते



पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन



उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

